# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ९ भद्रपुर, जेठ ०५ गते, २०८२ साल, संख्या ०१

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिका बाट जारी भएको देहाय बमोजिमको मापदण्ड, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भद्रपुर नगरपालिकाबाट अनुदान प्राप्त गर्ने शिक्षकहरुको पिरियडमा आधारित सेवा सुविधा सम्बन्धि मापदण्ड २०८२

*स्वीकृत मिति २०८२/०१/२८*

*प्रमाणीकरण मिति २०८२/०२/०५*

## प्रस्तावना

भद्रपुर नगरपालिकाको शिक्ष ऐन २०७५ को अधिनमा रही भद्रपुर नगरपालिकाभित्र संचालित कक्षा बालविकास देखि कक्षा १२ सम्म अध्यापन गराउने शिक्षकहरुको पिरियडमा आधारित सेवा सुविधा सम्बन्धि मापदण्ड २०८२ बनाई लागु गर्न वान्छनिय भएकाले,

भद्रपुर नगरपालिकाको कार्यपालिका बैठकबाट यो मापदण्ड पारित गरी जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस मापदण्डको नाम "भद्रपुर नगरपालिकाबाट अनुदान प्राप्त गर्ने शिक्षकहरुको पिरियडमा आधारित सेवा सुविधा सम्बन्धि मपदण्ड २०८२" रहेकोछ ।

(ख) यो मपदण्ड भद्रपुर नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुमा मात्र लागु हुनेछ ।

(ग) यो मापदण्ड २०८२ श्रावण महिनादेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

(क) "ऐन" भन्नाले भद्रपुर नगरपालिकाको शिक्षा ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले भद्रपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले विद्यालय संचालनका लागि खडा गरिएको कोषलाई सम्झनु पर्दछ ।

(ङ) "सामुदायिक विद्यालय" भन्नाले भद्रपुर नगरपालिकाभित्र संघिय शिक्षा ऐन बमोजिम सरकारी अनुदान प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(च) "पिरियड" भन्नाले ५० मिनेटको शिक्षण गर्ने समय अवधी सम्झनु पर्दछ ।

(छ) "बालविकास" भन्नाले शिक्षा ऐन अनुसार पूर्व प्राथमिक तहलाई सम्झनु पर्दछ ।

(ज) "आधारभुत तह" भन्नाले शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्म संचालित तहलाई सम्झनु पर्दछ ।

(झ) "माध्यमिकतह" भन्नाले शिक्षा ऐन अनुसार कक्षा ९ देखि १२ सम्म संचालित तहलाई सम्झनु पर्दछ ।

(ञ) "शिक्षक" भन्नाले भद्रपुर नगरपालिकाबाट विनियोजित रकमबाट तलब भत्ता खाने शिक्षकलाई सम्झनु पर्दछ ।

(ट) "अतिरिक्त कक्षा" भन्नाले नियमित कक्षा संचालन हुने समय १0:00-४:00 बजेको अतिरिक्त समयमा संचालन हुने कक्षालाई सम्झनु पर्दछ ।

गणेश पोख्रेल
नगर प्रमुख

(ठ) "निजी शिक्षक" भन्नाले भद्रपुर नगरपालिकाबाट विनियोजित रकमबाट तलब भत्ता खाने स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ।

(ड) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालय संचालनको लागि गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## सेवा सुविधा सम्बन्धि व्यवस्था

३. पिरियडमा आधारित सेवा सुविधा सम्बन्धि व्यवस्था

(क) कुनै पनि सामुदायिक विद्यालयलाई नगरपालिकाबाट शिक्षकको तलब भत्ताको रकम विनियोजन भएको अवस्थामा हुनु पर्नेछ।

(ख) सो विनियोजन रकमाले कक्षा संचालन गर्दा वार्षिक रुपमा कार्यरत शिक्षक कर्मचारीहरुको तलब सुनिश्चित हुने गरी मासिक प्रति पिरियड वा कर्मचारीको हकमा एकमुष्ठ रकमको बाँडफाँड गरेको निर्णय विद्यालय व्यवस्थापन समितिले यस मापदण्डको अधिमा रही गर्नु पर्नेछ।

(ग) शिक्षक कर्मचारीको तलव भत्ता संघिय सरकारले तलवभत्ता बृद्धी गरिएको अनुपातमा र आवधिक वृद्धी गर्ने गरी हाल यस प्रकार रहनेछ।

१. बालविकास सहजकर्तालाई तोकिए बमोजिमको न्यूनतम पारिश्रमिक सरह दिइने छ।
२. आधारभूत तह (कक्षा १-८) संचालनका लागि प्रति पिरियड प्रतिमहिना रु ३,०००।-
३. माध्यमिक तह (कक्षा ९-१०) संचालनका लागि प्रति पिरियड प्रतिमहिना रु ४,०००।-
४. माध्यमिक तह (कक्षा ११-१२ )संचालनका लागि प्रति पिरियड प्रतिमहिना रु ५,०००।-
५. लेखापाल प्रतिमहिना एकमुष्ठ रु ७०००।-(कक्षा ११-१२ तर्फ)
६. विद्यालय सहयोगि प्रतिमहिना एकमुष्ठ रु ५०००।-(कक्षा ११-१२ तर्फ)

(घ) सो रकम उल्लेख गरी प्रति महिना अन्य शिक्षकको तलब भत्ता माग फारमसँगै अतिरिक्त कक्षामा कार्यरत पिरियडमा आधारित शिक्षकहरुको माग फारम शिक्षा शाखा मार्फत पेश गर्नु पर्नेछ।

(ङ) आर्थिक प्रशासन शाखाबाट माग फारम एकिन गरी शिक्षकको पारिश्रमिक विद्यालयको संचित कोषको बैक खातामा निकाशा हुनेछ।

(च) विद्यालयले निकासा भएको तलब भत्ता भर्पाई कायम गरी कार्यरत शिक्षकहरुको व्यक्तिगत बैक खातामा दाखिला गर्नु पर्नेछ।

(छ) विद्यालयले सो तलब भत्ताको वार्षिक लेखा परिक्षण गराउनु पर्नेछ।

(ज) निजी शिक्षकहरुको दैनिक हाजिरी विद्यालयले राख्नु पर्नेछ।

(झ) कुनै पनि शिक्षकले दैनिक बढीमा ५ पिरियड मात्र शिक्षण शिकाई गरे वापतको तलब भत्ता पाउनेछ।

(ञ) हरेक शिक्षकले संघिय शिक्षा ऐन, नियामावली, भद्रपुर नगरपालिकाको शिक्षा ऐन २०७५ अनुसारको आचरण संहिताको पूर्ण पालना गर्नु पर्नेछ।

गणेश पोखरेल
नगर प्रमुख

(ट) निजी शिक्षकको रुपमा शुद्ध अनुदान प्राप्त शिक्षक तथा कर्मचारीलाई मात्र चाडबाड खर्च वापत वार्षिक एक महिना बराबरको रकम निकासा गरिनेछ ।

## परिच्छेद -३

## बचाउ तथा जारी मिति कार्यान्वयन

४. यस मापदण्डमा लेखिए जति यसै बमोजिम र यसमा नलेखिएका अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

५. यस अघि पिरियडमा आधारित सेवा सुविधा प्राप्त गर्ने कुनै आन्तरिक तलबभत्ताको व्यवस्थालाई यस मापदण्डले कुनै प्रभाव वा असर पारेको मानिने छैन ।

६. यो मापदण्डको कार्यान्वयन २०८१ को श्रावणदेखि पिरियडमा संचालित विद्यालयहरुको शिक्षकहरुको तलव भत्ताको लागि लागु हुनेछ ।

७. यो मापदण्डको संशोधन, थपघट तथा खारेज गर्ने अधिकार नगरकार्यपालिकामा निहित हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**आज्ञाले**
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत